नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुनसरी, ईनरुवा

५६०१५१
५६०१३१
५६००२२
०२५५६०१७२ निवास
०२५५६१७२८
Email : daosunsari@gmail.com
website : www.moha.gov.np/sunsari

प.सं. ०७६/०७७/प्रशासन शाखा
च.नं.

मितिः २०७७/०३/१०

विषयः क्यान्टिन सँचालनका लागि सिलवन्दी दर रेटको प्रस्ताव आव्वान गरिएको ।

**(प्रथम पटक सुचना प्रकाशित भएको मिति २०७७/०३/१०)**

यस कार्यालयको कार्यालय परिषर भित्र क्यान्टिन सँचालनका लागि इच्छुक व्यक्ती/फर्म/सँस्था लाई तपसिल तमोजिम हुने गरि सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र न्युनतम मासिक रू. ५०००।– (पाँच हजार मात्र) मा नघटने गरी राजश्व बुझाउने शर्तमा सिलवन्दी दररेट पेश हुन आव्हान गरिएको छ ।तोकीएको अवधिको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट सम्म दररेट प्रस्ताव पेश गर्न सकिने छ ।

१. सिलवन्दी दररेटको फारम आजकै मिति देखि रु. ३००।- (फिर्ता नहुने) तिरी कार्यालयको लेखा शाखाबाट बाट प्राप्त गर्न सकिने छ ।

२. वोलपत्र फारमका साथ निम्न कागजातहरू अनिवार्य पेश गर्नु पर्नेछ ।

   क) नेपाली नगरिकताको छायाँप्रति ।

   ख) फर्म वा सँस्थाको हकमा सँस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (२०७७ सम्म नविकरण भएको हुनु पर्ने) । सँस्थाको मुल्य अभिवृदि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. ०७५/७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

   ग) सबैभन्दा बढी रकम कवुल गर्ने वोलपत्रदाताले कार्यालयसँग सम्झौता गर्दाको समयमा मासिक कवोल अंकले हुन आउने तीन महिना वरावरको एकमुष्ट रकम कार्यालयको धरौटी खातामा जम्मा गरेपछी मात्र सम्झौता गरीनेछ ।

   घ) चमेना गृह सँचालन सम्वन्धि कार्य अनुभव भए सो को प्रमाण तथा कुक र वेटर सम्वन्धि तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

३. सिलवन्दी दर भाउ पत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजे सम्वन्धित व्यक्ती वा फर्मका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।उक्त समयमा फर्मका प्रतिनिधिको उपस्थित नभएमा समेत प्रस्ताव फारम खोल्नमा कुनै वाधा पर्ने छैन ।

४. चमेना गृह सँचालन गर्नका लागि अस्थायी टहरा फर्मले निर्माण गर्नु पर्ने छ तथा आवस्यक फर्निचर तथा अन्य आवश्यक सामानहरु सँचालक स्वयंले नै व्यवस्था गर्नुपर्नेछ । क्याण्टिनमा आवश्यक पर्ने विजुली तथा पानी कार्यालयबाट निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

५. क्यान्टिन कार्यालय खुलेको दिनको कार्यालय समय भित्र मात्र सँचालन गर्न पाइनेछ ।

६. सुर्तिजन्य तथा मदिरा जन्य एवं कानुनले निशेष गरेका कुनै पनि सामग्री विक्रि गर्न पाइने छैन ।

७. आवस्यक कागजात पेश नभएको वा प्रकृया तथा रित नपुगेको भए सो फर्मलाई समावेश गर्न कार्यालय वाध्य हुने छैन ।कुनै व्यक्ति फर्म/सँस्थालाई स्वीकार वा अस्विकार गर्ने सम्पूर्ण अधिकार कार्यालयलाई नै रहने छ ।

८. छनौट भएको व्यक्ति फर्म/सँस्था लाई अवधि तोकी आशय पत्र जारी गरिने छ ।चमेना गृह सँचालन दुई पक्ष वीच सम्झौता भए पस्चात मात्र शुरु गर्नु पर्ने छ ।सेवा शर्त सम्वन्धि वाँकी विस्तृत विवरण कार्य सम्झौतामा नै उल्लेख गरिने छ ।

९. यो सूचना र बोलपत्र सम्वन्धी कागजात स्पष्ट नभएका विषयहरू प्रचलित कानून तथा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ ।

प्रमुख जिल्ला अधिकारी